जगन्नाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जुड्डी, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

जगन्नाथ गाउँपालिकाको दोस्रो गाउँसभा तथा तेहौं अधिवेशनमा गाउँसभामा उपस्थित गाउँसभाका सदस्य, पत्रकार र सुरक्षाकर्मीहरु

अब, म आर्थिक वर्ष ०७९।०८० मा घोषित नीति तथा कार्यक्रमका उपलब्धिहरुको बारेमा संक्षेपमा उल्लेख गर्न चाहन्छु।

- जगन्नाथ गाउँपालिकाको यस गरिमामय दोस्रो गाउँसभा तथा तेहौं अधिवेशनमा गाउँसभा अध्यक्षको हैसियतले विकासको लागि मार्ग दर्शकको रुपमा रहने स्थानिय सरकारको आर्थिक वर्ष ०७९।०८० को वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु।

- मुलुकको राष्ट्रियता, सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय स्वाभिमान, प्रजातन्त्र र राष्ट्रिय समृद्धिका लागि विगतमा भएका ऐतिहासिक जनआन्दोलन, संघर्ष र विभिन्न राजनैतिक आन्दोलनहरुमा जीवनको बलिदान गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात शहिदहरु प्रति उच्च सम्मान र श्रद्वासुमन अर्पण गर्दछु। राजनैतिक आन्दोलनका क्रममा बेपत्ता भएका नागरिक र घाइते योद्वाहरु प्रति उच्च सम्मान तथा सहानुभुति प्रकट गर्दछु।

- प्रदेश र संघिय निर्वाचन २०७९, बाट नवनिर्वाचित पदाधिकारीलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु। विगतमा झैं प्रदेश सरकार र संघिय सरकार संग समन्वय सहकार्य र सहअस्तित्वको माध्यमबाट समग्र जगन्नाथ गाउँपालिकाको विकासमा दत्तचित्त भएर लाग्ने विश्वास दिलाउन चाहन्छु।

- संघियताको महत्वपुर्ण आधारको रुपमा रहेको स्थानीय सरकारको आधारशिला तयार भएको छ। आफ्ना संवैधानिक अधिकारका क्षेत्रहरु कार्यान्वनका लागि अघिल्लो कार्यकालमा स्थानिय कानुनहरुको निर्माण, गाउँपालिकाका जनताहरुलाई सेवाप्रवाह गर्नका लागि समस्या नहोस भनेर कानूनी रुपमा प्राविधिक कर्मचारीहरुको करारमा पदपुर्ति गरेर निष्पक्ष, सरल र प्रभावकारी रुपमा सेवा प्रवाह भइरहेको अवस्था छ। स्थानिय स्तरमा उत्पादित जशक्तिको उचित परिचालन गरिएकोछ ।

- मिति २०७९ असोज १९ देखि २५ गते सम्म आएको अविरल बर्षातका कारण जगन्नाथ गाउँपालिका वडा नं १ का पर्वलाल गिरीको मृत्यु भएको र अन्य स्थानमा भौतिक, आर्थिक र अन्न बालीमा पुर्याएको क्षति प्रति गाउँपालिका दुःख व्यक्त गर्दछ। बर्षातको समयमा ज्यानको प्रवाह नगरी उद्धारमा खटिनुहुने जनप्रतिनिधि, स्वास्थ्यकर्मी, स्थानीय नागरिक, कर्मचारी, सुरक्षाकर्मी र स्थानीय देखि राष्ट्रिय मिडियामा ल्याइदिने पत्रकारलाई जगन्नाथ गाउँपालिका धन्यवाद व्यक्त गर्दछ ।

२०८०।३।१६

कालि बहादुर शाही
अध्यक्ष
जगन्नाथ गाउँपालिका

जगन्नाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जुडडी, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

आर्थिक बर्ष २०७९।२०८० को बार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्दछु ।

१. जगन्नाथ गाउँपालिका अन्तर्गत कर्णाली करिडोरको लैफु देखि पिलुचौर सम्म असोज १९ देखि २५ गते सम्म परेको अविरल बर्षाका कारण वडा नं १,को पिलुचौर देखि ढाडाकोट, बुढीनन्दा नगरपालिकाको वडा नं १, कोल्टी बजार बाट दैंया, लाटुबस्ती हुदै ढाडाकोट, वडा नं २, को सेराखोला बाट काँडाकोट र वडा नं ३, को बेर्मा बजार, महती, मनकोट, थारीकाँडा र मनीकाँडा, वडा नं ५, को ओदाला देखि वडा कार्यालय सम्मको कच्ची सडकको स्तरउन्नोति गरेर नियमित रुपमा ट्याक्टर र जीप सञ्चालन पश्चात गाँउको उत्पादन बजार सम्म र बजारका दैनिक उपभोग्य र निर्माण सामाग्री सस्तो शुलभ तरिका बाट जनताको घर दैलो सम्म सहज तरिकाले पुगेकोछ।

२. वडा नं १ को ढाडाकोट देखि बडिमालिका जाने सडक र ढाडाकोट सिंचाइ कुलोको डिपिआर यसै आर्थिक बर्षमा तयार गरिएको छ।

३. आर्थिक बर्ष २०७९।२०८० मा (घ) बर्गको वटा इजापत्र पत्र १ वटा, ३ वटा विद्युत सहकारी दर्ता र १०२ वटा पसल गाउपालिकामा दर्ता हुनुका साथै पिलुचौर, जुड्डी र बेर्मा बजारको नियमित अनुगमनको कार्य भइरहेको छ।

४. जगन्नाथ गाउँपालिका र बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको लागत साझेदारीमा भुकाँ खोला, जुडंडी र बड्डीगाड लघु जलविद्युत योजनाको नहर मर्मत, मेसिन र लाइन बिस्तारको काम भइरहेको छ।

५. संघिय सरकार र प्रदेश सरकारबाट समपुरक र बिषेश अनुदान मार्फत प्राप्त भएको रकमलाई ठेक्का प्रकिया मार्फत संञ्चालन भएका योजनाहरु ओखर तोला बृहत खानेपानी, शाही ढाक्ना खानेपानी योजना, गोत्री देखि शिव गुफा जाने पदमार्ग क्रमागत, जुड्डी सेलार स्टोर, घटालमष्टा आधारभुत विद्यालयको भवन निर्माण, वडा नं ६ को लैफुबाट वडा नं १ को ओखरतोला सम्म सडक निर्माण क्रमागत र माथिल्लो हुनी सिंचाइ कुलो योजनाहरु संञ्चालन र सम्पन्न भएका छन्।

२०८१।३।१८

कालि बहादुर शाही
अध्यक्ष
जगन्नाथ गाउँपालिका

६. आर्थिक बर्ष २०७९।२०८० मा जगन्नाथ गाउँपालिकामा समुदायको आवश्यकताका आधारमा उपभोक्ता समिति मार्फत एक लाख भन्दा माथिका भौतिक पुर्वाधारका योजनाहरुमा विद्युतको नहर मर्मत र लाइन बिस्तार ६ वटा, विद्यालयमा फर्निचर निर्माण २ वटा, सडक मर्मत ८ वटा, सिंचाई कुलाहरु मर्मत १५ वटा, खानेपानी योजना निर्माण १५ वटा, गोरेटो बाटो निर्माण २ वटा, विद्यालयका भवन ६ वटा, मन्दिर निर्माण ७ वटा, तटबन्धन ३ वटा, विद्यालय र स्वास्थ्य चौकीका घेरबार २ वटा र फिल्ड निर्माण ९ वटा गरि कुल ७५ वटा र एक लाख सम्मका ३० वटा भौतिक पुर्वाधार योजनाहरु सम्पन्न भएका छन्।

७. अति बिपन्न घरधुरीलाई स्थानिय स्तरमा रोजगारी उपलब्ध गराउने उद्धेश्यले नेपाल सरकारको महत्वपुर्ण कार्यक्रमका रुपमा रहेको *प्रधानमन्त्री रोजगार कार्यक्रममा* जगन्नाथ गाँउपालिकाका १९०९ घरधुरी रोजगार व्यवस्थापन सूचना प्रणालीमा सूचिकृत गर्नुका साथै ६ वटै वडाहरु बाट १६८ जना कामदार छनोट गरि २८ वटा योजनाहरु सम्पन हुनुका साथै कामदारले १०० दिनको रोजगारी प्राप्त प्रश्चात ९६,९३,६००।ज्याला यसै बर्ष प्राप्त गरेकाछन्।

८. गाँउपालिकाले आर्थिक बर्ष २०७६।२०७७ बाट शुरुवात गरेको *अध्यक्ष रोजगार कार्यक्रम* मार्फत ६ वटै वडाका १२४ जनाले ५० दिनको रोजगारी प्राप्त गरेका र १२ वटा भौतिक पुर्वाधारका योजना सम्पन्न भएर ३५,७७,४००।ज्याला प्राप्त यसै आर्थिक बर्षमा प्राप्त गरेकाछन्।

९. वडा नं १, २, ४, ५ र ६ का वडा कार्यालयका पक्की भवन बनेर संञ्चालन रहेकाछन्।वडा नं ३ को वडा कार्यालयको भवन निर्माणका लागि संघिय सरकार बाट आगामी आर्थिक बर्षका लागि बजेट प्राप्त भएको छ।

१०. कक्षाकोठामा शिक्षकको उपस्थिति वढाउन १३ वटा विद्यालयमा विद्युतिय हाँजिरी जडान, शिक्षालाई प्रविधि संग जोडन १५ विद्यालयमा इन्टरनेट जडान, १९ वटा विद्यालयहरुलाई १।१ वटा ल्यापटप र पिन्ट्रर वितरण गरिएको छ।



कालि बहादुर शाही
अध्यक्ष
जगन्नाथ गाउँपालिका

जगन्नाथ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

११. जगन्नाथ गाउँपालिकाको आर्थिक सहयोग र प्यारडाइज नेपालको प्राविधिक सहयोगमा १० वटा आधारभुत विद्यालयका ६२ जना शिक्षक, शिक्षिका, वालविकास सहजकर्ता र विद्यालय कर्मचारीहरुलाई कक्षा कोठा व्यवस्थापन र संगठन सुदृढिकरण सम्बन्धि ६ दिने तालिम संञ्चालन गरिएको छ।

१२. कैलास मा.वि.महतीमा संञ्चालन भएको गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ्ग शिल्डबाट छनौट भएका ७० जना वालवालिकाले जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग शिल्डमा सहभागिता जनाएको र उक्त प्रतियोगिताबाट ३ जनाले तृतिय स्थान, २ जनाले द्धितिय स्थान र २ जना वालवालिका प्रदेश स्तरीय राष्ट्रपति रनिङ्ग शिल्डका लागि छनौट भएर सहभागिता जनाएका छन्।

१३. शिक्षक सेवा आयोगबाट सिफारिस भएर आएका नि.मा.वि. तहमा ३ जना र प्रा.वि. तहमा ९ जना गरी जम्मा १२ जना शिक्षकहरुलाई विद्यालयमा पदस्थापना गरिएको छ।

१४. गाउँपालिका भित्र रिक्त रहेका सामुदायीक विद्यालयहरुमा अस्थायी, करार, राहत र अनुदान कोटामा गरी जम्मा ५ जना शिक्षकको पदपुर्ति गरेर पठनपाठन संञ्चालन गरिएको छ।

१५. IDS नेपालको साझेदारीमा १६ वटा विद्यालयमा वालमैत्री धारा निर्माण र सेतो गुराँस वालविकास संगको साझेदारीमा कक्षा १ – ३ मा नेपाली बिषय अध्यापन गराउने शिक्षकहरुलाई तालिम संञ्चालन गरिएको छ।

१६. कक्षा ९ मा १२ जना र कक्षा ११ मा २९ जना गरि जम्मा ४१ जनाले विपन्न लक्षित छात्रबृत्ति वापतको रकम रु ५,९४,०००।यसैं आर्थिक बर्षमा प्राप्त गर्ने छन्।

१७. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमबाट ४ कोठे भवन २ वटा, २ कोठे भवन २, वटा, आइसिटी ल्याव २ वटा, प्रदेश सरकारको अनुदानमा मालिका आधारभुत विद्यालय र सरस्वती आधारभुत विद्यालयमा २ कोठे पक्की भवन निर्माणको अन्तिम चरणमा रहेका छन्।

२०८०/६/१६

कालि बहादुर शाही
अध्यक्ष
जगन्नाथ गाउँपालिका

जगन्नाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुड्डी, बाजुरा

१८. विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्नका लागि कैलास मा.वि.महतीमो पुस्तकालय र महाँदेव आधारभुत विद्यालयमा बिज्ञान प्रयोगशाला स्थापना गरिएको छ।

१९. गाउँपालिका भित्र रहेको १९ वटा सामुदायीक विद्यालय मध्ये १७ वटा विद्यालयमा नयाँ विद्यालय व्यवस्थापन समिति गठन भैसकेको र ११ वटा विद्यालयको लेखा परिक्षण सम्पन्न भएको छ। कैलाश मा.वि.महती, देवलकोट मा.वि.लगायत ८ वटा विद्यालयको लेखा परिक्षण गर्न बाँकी रहेकोछ ।

२०. १९ वटा विद्यालयका शिक्षकहरुलाई EMIS सुदृढिकरण सम्बन्धि २ दिने तालिम संञ्चालन गरिएको छ।

२१. स्वास्थ्य सेवा तर्फका नियमित कार्यक्रम अन्तर्गत स्तनपान सप्ताह, वडा तथा गाउँपालिकालाई पुर्ण खोप घोषणा, भिटामिन ए र जुकाको औषधी वितरण, अर्धबार्षिक, बार्षिक समिक्षा गोष्ठि र नियमित स्वास्थ्य संस्थाको अनुगमन सम्पन्न भएकाछन्।

२२. गाउँपालिका भित्रका ६९ जना कुपोषित वालवालिकाहरुको नियमित उपचार गर्नुका साथै ९८ जनाको क्षयरोग जाँच गरिएको छ।

२३. १७ जना महिला स्वास्थ्य स्वंयमसेविकाहरुले समुदायमा गएर घरदैलो कार्यक्रम मार्फत ६,२४९ जनालाई घरेलु उपचार र परामर्श सेवा दिएका छन्।

२४. वडा नं १ देखि ६ सम्मका २१२ महिलाको ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम मार्फत गर्भजाँच गर्नुका साथै १४८ जना महिलाहरुलाई स्वास्थ्य संस्थामा सुरक्षित सुत्केरी भएवापत यातायात खर्च र उत्प्रेरणा खर्च उपलब्ध गराइएको छ।

२५. गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थालाई आवश्यकताको आधारमा स्टेचर, डेलिभरी वेड, अटोक्लेभ र औषधीहरु उपलब्ध गराउनुका साथै

२०८०/३/१६

कालि बहादुर शाही
अध्यक्ष
जगन्नाथ गाउँपालिका

जगन्नाथ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कोल्टी, बाजुरा कर्णाली प्रदेश, नेपाल

स्वंयमसेविकालाई झोला, छाता, बोटल, बुट, टर्चलाइट र थर्मामिटर वितरण गरिएको छ।

२६. शिक्षक, स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वंयम सेविकाहरुलाई नाक, कान, घाँटी र मुखको स्वास्थ्य सम्बन्धी ४८ जनालाई तालिम संञ्चालन गरियो।

२७. वडा नं १ देखि ६ सम्मका विभिन्न स्वास्थ्य संस्था मार्फत १०,३३९ जनाले बहिरंग सेवा प्राप्त गरेकाछन्। जसमा महिला ५,८४७ र पुरुष ४,४९२ रहेका छन्।

२८. जुड्डीमा रहेको १० शैंया अस्पतालबाट ३,३८३ जनालाई स्वास्थ्य उपचार र परामर्श, ४६ जनाको एक्सरे, १०४ जनाले ल्याव टेष्ट गर्नुका साथै २२७ जना वालवालिकाको चेकजाँच र उपचार सेवा प्राप्त गरेकाछन् ।

२९. गाउपालिकाको केन्द्र जुड्डीमा रहेको १० शैंया अस्पताल संचालनका लागि १ जना एम.वि.वि.एस.डाक्टर, २ जना स्टाफ नर्स, १ जना हेल्थ असिष्टेन्ट, १ जना रेडियोग्राफर, १ जना ल्याव असिष्टेन्ट, १ जना कार्यालय सहयोगी, १ जना दर्ता सहायक र १ जना स्वीपर भर्ना गरेर सेवा संचालन गरिएकोछ।

३०. अस्पताल संचालन पश्चात नियमित चेकजाँच, परामर्श जस्ता अन्य उपचार र महिलाको पाठ्यघरको चेकजाँच जस्ता सेवा दिने काम भएकोछ।

३१. जगन्नाथ गाउँपालिकाको आयोजना र गेटा आँखा अस्पताल कैलालीको प्राविधिक सहयोगमा जगन्नाथ गाउँपालिका वडा नं २, जगन्नाथ स्वास्थ्य चौकी, लुमा, वडा नं ३, को हुनीमहती स्वास्थ्य चौकी, महती र वडा नं ६ को डाँडाखर्क सामुदायीक स्वास्थ्य ईकाइमा गरि कुल ७५० जना आँखाका बिरामीहरुको चेकजाँच परामर्श सेवा र ६२५ जनालाई चश्मा बितरण गर्नुका साथै अप्रेशन गर्नुपर्ने ९० जना बिरामीहरुलाई कोल्टी प्राथमिक स्वास्थ्य केन्द्रमा रिफर गरिएको थियो। रिफर गरिएका बिरामीहरुलाई मिति २०८० वैशाख २४ देखि २६ गते सम्म संञ्चालन भएको आँखा शिविरमा गाउँपालिकाले बिरामीहरुको

प्रमाणित २०८०।३।१६

कालि बहादुर शाही
अध्यक्ष
जगन्नाथ गाउँपालिका

जगन्नाथ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

सहजताका लागि बिरामीहरु र गाज्रेनलाई निशुल्क यातायात र उपचारको व्यवस्था गरेको उक्त शिविरमा ९७ जनाले आँखाको दृष्टि प्राप्त गरेका थिए।

३२. जगन्नाथ गाउँपालिकामा रहेको नागरिक आरोग्य सेवा केन्द्र मार्फत आर्थिक बर्ष २०७९।२०८० मा ९३१ जनाले सेवा प्राप्त गरेका छन्। जसमा रसायन औषधी वितरण १३७ जना, पँञ्चकर्म बाथरोगका बिरामीहरुलाई स्वेदन, स्नेहन सेवा २३६ जना र स्तनपान आमालाई रसायन औषधी वितरण २१ जनालाई उपलब्ध गराइएको छ।

३३. वडा नं १ देखि ६ सम्मका ५२४ जना कृषकहरु सुचिकरण गर्नुका साथै कृषकहरुलाई तरकारी मिनिकिट, गार्डेन पाइप, प्लाष्टिक टनेल, हजारी र कृषि औजार वितरण गरियो।

३४. प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना साना पकेट विकास कार्यक्रम अन्तर्गत वडा नं १ र २ मा सिमि दलहन पकेट स्थापना गरि काम संञ्चालन गरिएको छ।

३५. जगन्नाथ गाउँपालिका र कृषि ज्ञान केन्द्रको समन्वयमा वडा नं १ र २ मा सिमि पकेट, वडा नं ३ र ४ मा ओखर तथा कागतीका लागि पकेट क्षेत्र घोषणा गरी कार्यक्रम संञ्चालन गरिएको छ।

३६. जगन्नाथ गाउँपालिकाको पशुपन्छि सेवा शाखा मार्फत ५८४ वटा कुकुरहरुलाई निशुल्क रेबिज रोग बिरुद्धको खोप शिविर संञ्चालन गरिएको छ।

३७. वडा नं ३, ४, ५ र ६ मा गरि जम्मा ११,०००। भेडा बाख्राहरुलाई निशुल्क पिपिआर बिरुद्धको खोप संञ्चालन गरियो।

३८. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना मार्फत जगन्नाथ गाउँपालिका वडा नं ५ को कालिका पशुपंक्षी कृषक समूह मार्फत ३ वटा बाख्राको खोर सुधार, ३ वटा उन्नन जातको बोका र १८ वटा उन्नत जातका बाख्रा बितरण गरियो।

२०८०।५।१६



कालि बहादुर शाही
अध्यक्ष
जगन्नाथ गाउँपालिका

३९. पशु सेवा शाखा बाट वडा नं १ देखि ६ सम्मका जम्मा ७९५ पशुपन्छि पालक किसानहरुलाई औषधी तथा परामर्श सेवा उपलब्ध गराइयो।

४०. बहुक्षेत्रिय पोषण कार्यक्रम मार्फत जगन्नाथ गाउँपालिका वडा ६ मा रहेको शिवनाथ महिला समूह मार्फत सुनौला हजार दिनका २४ वटा आमाहरुलाई १।१ वटा उन्नत जातका बाख्रा वितरण गरिएको छ।

४१. वडा नं ४ र ५ मा ८० जना सुनौला हजार दिनका आमाहरुलाई कुखुराका चल्ला वितरण र खोर निर्माण सम्बन्धि अभिमुखीकरण गरियो।

४२. वडा नं १ र २ का बहुक्षेत्रिय पोषण कार्यक्रम मार्फत सुनौला हजार दिनका आमाहरुलाई करेशाबारी निर्माण र व्यवस्थापन तालिम संञ्चालन गर्नुका साथै ४० जना आमाहरुलाई कृषि सामाग्री (टनेल हाउस, गार्डेन पाइप र स्प्रिरिङ्कल) वितरण गरियो।

४३. सामाजिक सुरक्षाको रकमलाई पारदर्शि बनाउनका लागि प्रत्येक वडाको लगत अद्यावधिक, परिचय पत्र वितरण, व्यक्तिगत घटना दर्ता शिविर र वडा नं १ देखि ६ सम्म लाभग्राही व्यक्तिहरुले बैंक खाता खोल्नुका साथै २,८०३ जनाले बैंक मार्फत सामाजिक सुरक्षाको भत्ता उपलब्ध गरिरहेका छन्।

४४. आर्थिक बर्ष २०७९।२०८० मा सामाजिक सुरक्षा कार्यक्रममा जगन्नाथ गाउँपालिकामा व्यक्तिगत घट्ना दर्ता ९८८ जनाले गरेका छन् ।

| | |
|---|---|
| I. जन्म दर्ता | -८४७ जना |
| II. मृत्यु दर्ता | -४८ जना |
| III. विवाह दर्ता | -६२ जना |
| IV. बसाँईसराइ | -३० जना |
| V. सम्बन्ध विच्छेद | -१ जना |

४५. मिति २०७९।०४।१५ गते बसेको अपाङ्ग समन्वय समितिको बैठकले क बर्गका ४ जना ख बर्गका ५ जना ग बर्गका ४ जना र घ बर्गका १ जना गरि



कालि बहादुर शाही
अध्यक्ष
जगन्नाथ गाउँपालिका

१४ जनालाई अपाङ्ग परिचय पत्र र मासिक रुपमा भत्ता उपलब्ध गराउदै आएको छ।

४६. गरिवी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम मार्फत वडा नं ६, मा १३ जना महिला उद्यमीहरुलाई ७५ दिने सिलाइकटाई तालिम, मेसिन तथा औजार बितरण, वडा नं २, मा १३ जना कृषकहरुलाई पाँच दिने तरकारी खेति तालिम, कृषि औजार, टनेल हाउस, गार्डेन पाइप र ड्रम वितरण गरियो।

४७. वडा नं १ र ३ मा २९ जना उद्यमीहरुलाई एक महिने हाते होजियारी तालिम सञ्चालन र वडा नं १, २ र ६ मा छोटो अवधिको कुखुरा तथा पशुपालन तालिममा ६।६ वटा कुखुरा वितरण गरियो।

४८. वडा नं ३, ४ र ५ का १३ जना व्यवसायीक मौरीपालक कृषकहरुलाई सात दिने आधुनिक मौरी घार निर्माण तालिम संञ्चालन गरिएको थियो।

४९. जगन्नाथ गाउँपालिका र स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान जावलाखेल, ललितपुरको समन्वयमा निर्वाचित ३४ जना जनप्रतिनिधिहरुलाई सार्वजनिक सेवा प्रवाहका लागि जनप्रतिनिधिको क्षमता विकास कार्यक्रम, जनहित संरक्षण मञ्च प्रो पब्लिक अनामनगर, काठमाण्डौं सहजिकरणमा १९ जना सहभागीलाई मेलमिलाप सम्वन्धी ८ दिवसिय ४८ घण्टे आधारभुत तालिम र राष्ट्रिय सूचना आयोगको सहजिकरणमा ९५ जना सहभागीहरुलाई सूचनाको हक सम्बन्धि प्रशिक्षण कार्यक्रम संञ्चालन गरियो।

५०. जगन्नाथ गाउँपालिकाको न्यायीक समितिमा ८ वटा उजुरी परेकोमा ६ वटाको मेलमिलापका माध्यम बाट समाधान भएको र २ वटा उजुरीकर्ता निवेदन फिर्ता लिएका छन्।

२०८०।३।१६

कालि बहादुर शाही
अध्यक्ष
जगन्नाथ गाउँपालिका

५१. आर्थिक बर्ष २०७९।२०८० मा बाढीपहिरो, भुकम्प र आगलागीबाट क्षति भएका व्यक्ति र घरधुरीलाई गाउँपालिकाले कार्यपालिकाको निर्णयका आधारमा राहत, उद्धार तथा पुन स्थापनामा ५,७८,००० सहयोग गरेको छ।

५२. सुरक्षित नागरिक आवास कार्यक्रम मार्फत जगन्नाथ गाउँपालिका वडा नं १ देखि ६ सम्मका ६४ वटा घर टिनले छाउने काम सम्पन्न भएपछि यसै आर्थिक वर्षमा भुक्तानी गरिने छ ।

५३. मिति २०७९ असोज १९ देखि २५ गते सम्म परेको अविरल बर्षातका कारण गाउँपालिका भित्र पुर्ण रुपमा भत्किएका र उच्च जोखिममा रहेका घरधुरीलाई पुन निर्माणका लागि वडा स्तरीय विपद व्यवस्थापन समितिबाट गाउँपालिकामा सिफारिस भएर आएका ११० घरधुरीलाई पालिका स्तरीय विपद व्यवस्थापनले जिल्ला विपद व्यवस्थापन समितिमा सिफारिस गरी राष्ट्रिय जोखिम तथा व्यवस्थापन प्राधिकरण बाट स्वीकृत भई आएका ९० घरधुरीको सम्झौता भइसकेको र बाँकी सम्झौताको प्रक्रियामा रहेका छन्। सम्झौता भएका प्रति घरधुरीले घर निर्माणका लागि ५ लाख ५० हजारमा गाउँपालिकाले १० प्रतिशत हुन आउने रकम रु ५० हजारका दरले जम्मा रु ५५ लाख गाउँपालिकाले साझेदारी गर्ने सुनशितता भएको छ । भने प्राधिकरणबाट ५ करोड ५५ लाख प्राप्त हुने छ।

५४. जगन्नाथ गाउँपालिकाको आर्थिक बर्ष २०७९।२०८० को नीति तथा कार्यक्रममा बिपन्न तथा दलित बालवालिकालाई छात्रबृत्ति उपलब्ध गराउने नीति अनुरुप जगन्नाथ गाउँपालिका भित्र स्थायी बसोबास गरिरहेका १ जना BAMS डाक्टर, १ जना इन्जिनियर, १४ जना विभिन्न बिषयमा डिप्लोमा अध्ययन गरिरेहका र १ जना टिएसएलसि अध्ययन गरिहरेका छात्रछात्राहरुलाई छात्रबृत्ति वापत रु ५,००,०००। यसै आर्थिक बर्षमा वितरण गरिने छ।

५५. जगन्नाथ गाउँपालिकाले आर्थिक बर्ष २०७९।२०८० मा विभिन्न शिषर्कमा जेष्ठ मसान्त सम्म १२ लाख ६२ हजार १० रुपैंया राजश्व उठाइएको छ।

२०८०।३।१६

कालि बहादुर शाही
अध्यक्ष

५६. गाउँपालिका भित्र उत्कृष्ठ काम गर्ने कर्मचारी, शिक्षक, विद्यालय र स्वास्थ्य संस्थालाई पुरुस्कृत गर्ने नीति अनुरुप जगन्नाथ गाउँपालिकाले आर्थिक बर्ष २०७९।२०८० मा तपशिल बमोजिकका व्यक्ति र संस्थाहरुलाई पुरुस्कृत गरिने छ।

- ❖ सेवा निबृत्त शिक्षक - १ जना
- ❖ कर्मचारी - ८ जना
- ❖ विद्यालय - ३ वटा
- ❖ स्वास्थ्य संस्था - ३ वटा

५७. नेपाल सरकारले स्थानीय तहहरुको मुल्याङ्कनका लागि तयार गरेको स्थानीय तह स्वमुल्याँङ्कन (LISA) मा बाजुरा जिल्लामा पहिलो स्थान र सुदुर पश्चिम प्रदेशमा नवौं स्थान प्राप्त गर्न सफल भएको छ।

५८. बित्तिय जोखिम स्वमुल्याँङ्कन (FRA) मा जगन्नाथ गाउँपालिका सुदुर पश्चिम प्रदेशमा पहिलो स्थान प्राप्त गर्न सफल भएको छ।

जगन्नाथ गाउँपालिकामा रहेका विभिन्न शाखाहरु मार्फत मिति २०७९ श्रावण देखि २०८० जेष्ठ मसान्त सम्म भए गरेका क्रियाकलापहरु मार्फत जगन्नाथ गाउपालिका भित्रका जनताको जिवनस्तरमा सुधार आउने अपेक्षा गरेको छु। उक्त क्रियाकलाप गर्नमा योगदान गर्ने राजनीतिक दल, राष्ट्र सेवक कर्मचारी, सुरक्षा निकाय, बुद्धिजिवि, सामुदायीक क्षेत्र, सहकारी, श्रमिक, नागरिक समाज, आमसञ्चार लगायत सम्पुर्ण दाजुभाइ तथा दिदिवहिनीहरुलाई हार्दिक आभार व्यक्त गर्दछु ।

"धन्यवाद"

काली बहादुर शाही
गाउँसभा अध्यक्ष
२०८० असार १६ गते

कालि बहादुर शाही
अध्यक्ष
जगन्नाथ गाउँपालिका